# नौगाड गाउँपालिका

## स्थानीय राजपत्र

**खण्डः ३**　　**संख्याः ४६**　　**मितिः २०८१।०३।१०**

भाग —१

नौगाड गाउँपालिका, दार्चुलाको विनियोजन ऐन, २०८१

सभामा पेश मिति : २०८१/०३/१०
सभाबाट पारित मिति :२०८१/०३/१०
प्रमाणिकरण मिति : २०८१/०३/१०
राजपत्रमा प्रकाशित मिति: २०८१/०३/१०

**प्रस्तावनाः** नौगाड गाउँपालिका दार्चुलाको आर्थिक वर्ष २०८१ ।८२ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उपधारा २ बमोजिम नौगाड गाउँपालिका, दार्चुलाको गाउँ सभाले यो ऐन बनाएको छ ।

अध्यक्ष
नौगाड गाउँपालिका

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "नौगाड गाउँपालिका, दार्चुलाको विनियोजन ऐन, २०८१ " रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२. आर्थिक वर्ष २०८१।८२ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः** (१) आर्थिक वर्ष २०८१।८२ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची – १ उल्लिखित चालू खर्च, पुंजीगत खर्च र वित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु. ४१,४८,५८,०००/- (अक्षरेपि रुपैयाँ एक चालिस करोड अठ्चालिस लाख अन्ठाउन्न हजार मात्र ) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

**३. विनियोजनः** (१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक २०८१।८२ को निमित्त नौगाड गाउँपालिका, दार्चुलाको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिन्छ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरूको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाको कार्यालयले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरूबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरूमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पुंजीगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालु खर्च शीर्षकतर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ विनियोजित रकम व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । तर चालू तथा पुंजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरूमा रकम सार्न परेमा गाउँसभाको स्वीकृत लिनु पर्नेछ ।

अध्यक्ष
नौगाड गाउँपालिका

## अनुसूची - १

(दफा २ सँग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

सञ्चित कोषबाट विनियोजन हुने रकम

रु.हजारमा

| क.सं | शीर्षकको नाम | चालु खर्च | पुंजीगत खर्च | वित्तीय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ |
| १ | गाउँपालिका, विषयगत समिति, वडा समिति र शसर्त कार्यक्रम | ३२,९७,७४।९ | ८,५०,८३।१ | ० | ४१,४८,५८ |
| २ | ऋणको साँवा ब्याज भुक्तानी | ० | ० | ० | ० |
| 3 | लगानी (ऋण र शेयर) | ० | ० | ० | ० |

आज्ञाले,
पुष्कर सिह धामी
प्रमुख प्रशासकीय अधिकृत

अध्यक्ष
नौगाड गाउँपालिका